नेपाल सरकार

गृह मन्त्रालय

# इलाका प्रशासन कार्यालय,

खत्याड, मुगु

प.स.:२०८२/८३ मिति: २०८३/०३/०५

च.न.:१५ नेपाल सम्वत ११४६

विषय : निशुल्क रुपमा जग्गा उपलब्ध गराउने सम्बन्धि १५ दिने सार्वजनिक सूचना ।

श्री जो जस संग सम्बन्ध छ ,

उपरोक्त सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८२/१०/०२ गतेको निर्णय अनुसार मिति २०८३ साल वैशाख २ गते उद्घाटन भई सञ्चालनमा आएको इलाका प्रशासन कार्यालय खत्याड, मुगुको प्रशासकीय भवन निर्माण प्रयोजनको लागि सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धि कार्यविधि,२०८२ (पहिलो संसोधन सहित) को दफा ५ को प्रक्रिया पुरा गरि जग्गा प्राप्ति गर्नु पर्ने भएकोले खत्याड गाउँपालिका वडा नं ७, साविक गम्था गा.वि.स.वडा नं.९ पाच्या-रामतडी सडक खण्डमा न्यूनतम ४ रोपनी (०,२०३५.०० वर्ग मिटर) क्षेत्रफल भएको निम्न मापदण्ड भएको जग्गा आवश्यक भएकोले उक्त स्थानमा निशुल्क रुपमा दानपत्र दिन इच्छुक जग्गा दाताहरुलाई यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र निम्न शर्त र कागजात सहित यस कार्यालयमा निवेदन गर्नहुन सम्बन्धित सरोकारवाला जग्गा दाताहरुलाई यो सूचना प्रकाशन गरिएको व्यहोरा जानकारीका लागि सादर अनुरोध छ ।

<u>तपसिल:</u>

१. सरकारी निकायलाई प्राप्त हुने जग्गा न्यूनतम ४ रोपनी (०,२०३५.०० वर्ग मिटर) क्षेत्रफल हुनुपर्नेछ ।

२. एउटै जग्गा धनीको ४ रोपनी जग्गा नभए पनि एक भन्दा धेरै जग्गा धनीका एक भन्दा धेरै कित्ताको टुक्रा-टुक्रा मिलाएर भएपनि ४ रोपनी हुनुपर्ने ।

३. सरकारी निकायलाई प्राप्त हुने जग्गा उच्चतम रुपमा प्रयोगमा आउने ।

४. भवन निर्माणका लागि उपयुक्त भएको, भौतिक पूर्वाधार स्थानीय सडकसँग जोडिएको, पार्किङ सुरक्षा तथा वैकिङ्ग सेवासँग नजिक भएको ।

५. सेवा प्रवाहको दृष्टिले सवैलाई पाएक पर्ने स्थान भएको ।

६. जोखिमयुक्त पहिरो जाने वा झगडा परिरहेको, तत्काल रजिष्ट्रेशन र नामसारी नहुने किसिमको र प्रयोगमा ल्याउन नसकिने वा प्रयोगमा ल्याउन कठिन हुने प्रकृतिको भएको वा भौतिक संरचना निर्माण गर्न कम लागत लाग्ने किसिमको भिरालो नभएको जग्गा हुनुपर्ने ।

७. <u>जग्गा दाताहरुले पेश गर्नुपर्ने कागजातहरु:</u>

क) दायाँबायाँ औठा छापसहितको दानपत्र गर्न लागेको कित्ता जग्गा र क्षेत्रफल खुलाई दिएको निवेदन ।

ख) आफ्नो नाममा स्वामित्व प्राप्त भएको जग्गा धनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि-१ र नेपाली नागरिकताको प्रतिलिपि ।

ग) स्थानीय तहबाट चालु आ.व.मा उक्त कित्ता जग्गाको तिरो तिरेको रसिदको प्रतिलिपि-१

घ) एकभन्दा धेरै हकदार अंशियार भएका उक्त हकदार अंशियारहरुको मञ्जुरीनामा पत्र ।

ङ) सरकारी भवन प्रयोजनको लागि दान गरेको जग्गामा कुनै किसिमको शर्त रहने छैन ।

२०८३-०३-०५

..................

(ढाकाराम लामिछाने)

कार्यालय प्रमुख